अनुसुची -२

(दफा ४ तथा अनुसुची-१ को भाग -२ संग सम्बन्धित)

छविसपाथिभेरा गाउँपालिका

स्थानिय राजपत्र

खण्ड ८ संख्या ०१ मितिः २०८१।०७।१३

# भाग -२

# छविसपाथिभेरा गाउँपालिका अनाथ तथा टुहुरा बालबालिकाहरुकालागि सहयोग अनुदान रकम वितरण कार्यक्रम संञ्चालन कार्यविधि

२०८१

छविसपाथिभेरा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
ब्याँसी, बझाङ
सुदूरपश्चिम प्रदेश नेपाल

गाउँकार्यपालिकाबाट स्वीकृत मितिः २०८१।०७।१३
प्रमाणीत मितिः२०८१।०७।१४
राजपत्रमा प्रकाशित मितिः२०८१।१२।१२

## बिषय सूची

पेज नं १

परिच्छेद : १ प्रारम्भिक

परिच्छेद : २ कोष स्थापना तथा संचालन

परिच्छेद :३ कोषको रकम खर्चगर्ने प्रकृया

परिच्छेद : ४ अनुदान रकमको वितरण रोक्का तथा उपयोग

परिच्छेद : ५ अनुगमन लेखा प्रतिवेदन तथा अभिलेखीकरण

अनुसूची :

अनुसूची :१ अनुदान वितरण तालिका ।

अनुसूची :२ अनाथ तथा टुहुरा बालबालिकाहरुको लागि सहयोग अनुदा तथा सुरक्षा कार्यक्रम आवेदन फारम ।

अनुसूची :३ छबिसपाथिभेरा गाउँपालिका र सम्वन्धीत अभिभावक । बालबालिका बिच हुने सम्झौता पत्र ।

अनुसूची :४ अनाथ तथा टुहुरा बालबालिकाका लागि सामाजिक अनुदान सुरक्षा कार्यक्रम परिचयपत्र ।

अनुसूची :५ अनाथ तथा टुहुरा बालबालिकाका लागि सामाजिक अनुदान सुरक्षा कार्यक्रम लाभग्राहीकहरुको अभिलेख ।

## अनाथ तथा टुहुरा बालबालिकाका लागि सामाजिक अनुदान सुरक्षा कार्यक्रम सन्चालन कार्यविधि :

प्रस्तावना अनाथ तथा टुहुरा बालबालिकाका लागि स्थानीय तहमा सामाजिक सुरक्षा कार्यक्रम सन्चालन कार्यविधि सम्वन्धमा आवस्यक ब्यवस्था गर्ने वान्छनीय भएकोले छबिसपाथिभेरा गाउँ कार्यपालिकाले स्थानिय सरकार सन्चालन ऐन २०७४ को दफा १०२ (२) बमोजिम यो कार्यविधि बनाईएको छ ।

## परिच्छेद : १

## प्रारम्भिक

१ **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यबिधिको नाम अनाथ तथा टुहुरा बालबालिकाको लागि सहयोग अनुदान तथा समाजिक सुरक्षा कार्यक्रम ( सन्चालन कार्यबिधि) २०८१ रहेको छ ।

(२) यो कार्यबिधि तुरुन्त प्रारम्भ हुनेछ ।

२ **परिभाषा :** बिसय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा -

(क) अनाथ तथा टुहुरा बालबालिका भन्नाले १८ वर्ष उमेर पुरा नभएका दफा १२ बमोजिमका लाभग्राही बालबालिका सम्झनु पर्दछ ।

(ख) अध्यक्ष भन्नाले छबिसपाथिभेरा गाउँपालिका को अध्यक्ष सम्झनु पर्दछ ।

(ग) अभिलेख भन्नाले दफा १२ बमोजिम तयार गरियको अभिलेख सम्झनु पर्छ ।

(घ) कार्य पालिका भन्नाले छबिसपाथिभेरा गाउँ पालिका सम्झनु पर्छ ।

(ङ) कोष भन्नाले अनाथ तथा टुहुरा बालबालिकाको लागि सामाजिक अनुदान सुरक्षा कार्यक्रम सञ्चालन गर्ने यसै कार्यबिधि द्वारा स्थापना हुने अक्षकोष सम्झनु पर्छ ।

(च) प्रमुख प्रसासकीय अधिकृत भन्नाले छबिसपाथिभेरा गाउँपालिका को प्रमुख प्रसासकीय अधिकृत सम्झनु पर्छ ।

(छ) प्रमुख भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ज) वडा कार्यालय भन्नाले छबिसपाथिभेरा गाउँपालिकाको वडा कार्यालय भन्ने सम्झनु पर्छ ।

(झ) शाखा भन्नाले महिला बालबालिका तथा जेष्ठनागरिक शाखा वा सामाजिक बिकास शाखा बुझिन्छ ।

(ञ) समिति भन्नाले कार्यपालिकाका द्वारा गठित सामाजिक बिकास समिति सम्झनु पर्दछ ।

(ट) सन्चालन समिति भन्नाले दफा ६ बमोजिम गठित कोष ब्यवस्थापन तथा सन्चालक समिति सम्झनु पर्छ ।

(ठ) स्थानीय तह भन्नाले छबिसपथिभेरा गाउँपालिका भन्ने सम्झनु पर्छ ।

(ड) स्थानीय स्तर भन्नाले छबिसपाथिभेरा गाउँपालिकाको भौगोलिक क्षेत्र सम्झनु पर्छ ।

(ढ) स्थानीय बालअधिकार समिति भन्नाले प्रचलित कानुन बमोजिम बालअधिकार सम्वधिको लागि गठित समिति सम्झनु पर्छ ।

३.उदेश्य : यस कार्यविधिको उदेश्य बमोजिम हुनेछ ।

(क) अनाथ तथा टुहुरा बालबालिकाको लागि छबिसपाथिभेरा गाउँपालिकामा सामाजिक सुरक्षा र सहयोग अनुदान कार्यक्रम सञ्चालन गर्न कोष स्थापना गर्ने र कोषलाइ नियमन गर्ने ।

(ख) बिभिन्न स्रोतबाट कोषमा प्राप्त आम्दानीको आधारमा सामाजिक सुरक्षा र आर्थिक सहयोग आवश्यक देखिएका अनाथ तथा टुहुरा बालबालिकाको पहिचान गरी उनीहरुलाइ सहयोग आवस्यक ब्यवस्था मिलाउने ।

**परिच्छेद : २**

**कोषस्थापना तथा सञ्चालन :**

४.अनुमति दिने :(१) छबिसपाथिभेरा गाउँपालिका क्षेत्रमा अनाथ तथा टुहुरा बालबालिकाको लागि सामाजिक सुरक्षा तथा अनुदान सहयोग कार्यक्रम सञ्चालन गर्न अनुमति लिन चाहाने ब्यक्ति वा संस्थाले कार्यपालिका समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उप दफा (१) बमोजिम अनुमति माग गर्ने ब्यक्ति वा संस्थालाइ कार्यपालिकाले कार्यक्रम तथा सो मा हुने खर्च रकम गाउँपालिकाको बार्षिक बजेटमा उल्लेख हुने र उक्त रकम दफा ५ बमोजिमको कोष मार्फत खर्च हुनेगरी कार्यक्रम सञ्चालन गर्न अनुमति दिन सक्नेछ ।

(३) यस दफामा अन्यथा जुनसुकै कुरा लेखिएको भयतापनि नेपाल सरकार वा प्रदेश सरकारको सहमति वा अनुमति अथवा नेपाल सरकार वा प्रदेश सरकारको नीति अन्तरगंत सञ्चालित हुने अनाथ तथा टुहुरा बालबालिकाको लागि सामाजिक अनुदान सुरक्षा कार्यक्रम सञ्चालन भइरहेको हकमा यो कार्यबिधिको ब्यवस्था लागुनहुने भएतापनी स्थानीय सरकार तथा छबिसपाथिभेरा गाउँपालिका को हकमा यो लागुगर्न सकिनेछ ।

५. कोष स्थापना : (१) छबिसपाथिभेरा गाउँपालिकाले गाउँपालिकाका क्षेत्र भित्र अनाथ तथा टुहुरा बालबालिकाको लागि सामाजिक अनुदान सुरक्षा कार्यक्रम सञ्चालन गर्न गैरसरकारी संघ संस्था तथा अन्य निकायले अनाथ तथा टुहुरा बालबालिकाको लागि सामाजिक अनुदान सुरक्षा कार्यक्रममा खर्च गर्न वा कोषको मुल धनमा योगदान गर्ने गरी रकम दाखिला गर्नको लागि एक अनाथ तथा टुहुरा बालबालिकाको लागि सामाजिक सुरक्षा तथा सहयोग अनुदान सुरक्षा कार्यक्रम सञ्चालन कोष स्थापना गर्नेछ ।

(२) कोषमा स्थानीय तहले अनाथ तथा टुहुरा बालबालिकाको लागि सामाजिक अनुदान सुरक्षा प्रदान गर्ने गरिबी न्यूनीकरणको लागि बिनियोजन गरिएको रकम दाखिला गरिनेछ ।

(३) छबिसपाथिभेरा गाउँपालिका क्षेत्रमा कोषमा दाखिला रकम वाहेक अन्य स्रोतवाट खर्च गर्ने गरि कुनै संस्थालाइ अनुमति वा सहमति दिइने छैन ।

६. कोष सञ्चालन ब्यवस्था : (१) कोष सञ्चालनको लागि देहाय बमोजिमको एक कोष ब्यवस्थापन तथा सञ्चालक समिति रहनेछ ।

(क) छबिसपाथिभेरा गाउँपालिकाका अध्यक्ष संयोजक।

(ख) छबिसपाथिभेरा गाउँपालिकाका उपाध्यक्ष सदस्य ।

(ग) छबिसपाथिभेरा गाउँपालिका गाउँ कार्यपालिका बाट मनोनित महिला एक जना सदस्य ।

(घ) छबिसपाथिभेरा गाउँपालिका भित्र रहेको सामाजिक बिकास समिति संयोजक एक जना सदस्य ।

(ङ) छबिसपाथिभेरा गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत सदस्य।

(च) छबिसपाथिभेरा गाउँपालिका लेखा शाखा प्रमुख सदस्य ।

(छ) सामाजिक बिकास समिति बाट एक जना सदस्य ।

(ज) छबिसपाथिभेरा गाउँपालिकामा सन्चालित सार्वजनिक । वा सामुदायिक माध्यामिक बिद्यालयबाट प्रधानाध्यापक हरुमध्य वाट समितिले मनोनीत गरेको एक जना प्रतिनिधि : सदस्य ।

(झ) छबिसपाथिभेरा गाउँपालिकामा सहकारी संस्थाहरुका अध्यक्षहरुमध्य वाट समितिवाट मनोनीत गरेको एक जना प्रतिनिधि : सदस्य ।

(ञ) छबिसपाथिभेरा गाउँपालिका गाउँ कार्यपालिकामा गठित बालकलब मध्यवाट समितिले मनोनीत गरेको एक जना प्रतिनिधि सदस्य ।

(ट) छबिसपाथिभेरा गाउँपालिका महिला बालबालिका शाखा प्रमुख वा सम्वन्धित शाखा कर्मचारी एक जना : सदस्य: सचिव ।

**(२) समितिका सदस्यहरुको कार्यवधि ३ बर्षको हुनेछ ।**

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखियको भएतापनि कोषमा कुनै रकम दाखिला गर्दा भएको सम्झौताले सञ्चालक समितिमा कुनै प्रतिनिधित्व गराउनु पर्ने भएमा सो रकम संग सम्वन्धित खर्चको निर्णय गर्दा सम्झौता बमोजिमको प्रतिनिधित्व गराउने बाधा पर्नेछैन ।

७. **अक्षेकोष खडा गर्ने :** (१) कोषले जम्मा गर्ने गरी प्राप्त हुने रकम मध्य अक्षेकोषका लागी प्राप्त हुने सबै र अन्य मध्य पच्चिस प्रतिशत रकम अक्षेय कोषको रुपमा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको रकमको ब्याज बाफत प्राप्त हुने रकम बाहेक अक्षेय कोषको रुपमा रहेको रकम कुनैपनि कार्यमा खर्च गर्न पाइने छैन ।

८. **शर्तबमोजिम खर्च गर्ने :** कोषमा रकम दाखिला गर्दा कुनै निर्धारित कार्यक्रम वा कुनै कार्यक्रममा निर्धारित प्रक्रियावाट खर्च गर्ने सहमति बमोजिम दाखिला भएको रकम खर्च गर्दा सञ्चालक समितिको सहमति बमोजिम खर्च गर्नु गर्नेछ ।

९. **कोषको रकम खर्च गर्न नपाईने :** देहाय बमोजिमको कार्यमा कोषको रकम खर्च गर्न पाईनेछैन: (क) तालिम, गोष्ठि, भ्रमण, वा सो प्रकृतिको अन्य कार्य

(ख) मसलन्द, छपाइ,पत्र पत्रिका, बिज्ञापन, वा सो प्रकृतिको अन्य ।

१०. **कोषमा रकम दाखिला गर्न सक्ने :** (१) छबिसपाथिभेरा गाउँपालिकाले अनाथ तथा टुहुरा रहेका बालबालिकाहरुको संरक्षण अनुदान सुरक्षा तथा सवलीकरणमा बार्षिक बजेट मार्फत तोकिएको रकम कोषमा दाखिला गरि कोषमार्फत खर्च गर्न सकिनेछ ।

११ विभिन्न दातृ निकाय संघसँस्थाहरु बाट प्राप्तहुने अनुदान रकम सामाजिक सुरक्षा अनुदान कार्यक्रम कोषमा दाखिलाकोष सन्चालन समितिमार्फत खर्च गर्न सकिनेछ ।

(२) छबिसपाथिभेरा गाउँपालिका क्षेत्रमा कार्यक्रम सञ्चालनका लागि प्राप्त हुने अनुदान सहयोग रकम कोषमा दाखिला हुने ब्यवस्था कार्यपालिकाले मिलाउने छ ।

## परिच्छेद : ३

## कोषको रकम खर्च गर्ने प्रकृया

१२. **खर्च ब्यवस्थापन** : कोषको रकम देहाय बमोजिमको कार्यक्रमहरुमा खर्चगर्न सकिनेछ ।

(क) लक्षित समुहलाइ दिइने नगद अनुदान

(ख) लक्षित समुहलाइ निश्चित अवधिको सहयोगार्थ लिईने आवाधिक अनुदान ।

(ग) लक्षित समुहलाई अवश्यकता अनुसार विपत समेतमा सहयोग गर्न दिईने बिषेस अनुदान ।

(घ) कुनै दाताले कुनै बालबालिकाका लागि तोकिएर दिईएको सशर्त अनुदान ।

१३ **लाभग्राहि समुह** : दफा ११ बमोजिमको कार्यक्रम देहाय बमोजिमको लाभग्राही बालबालिकाको लागि सञ्चालन गर्नु गर्नेछ :-

(क) आमाबुवा दुबैको मृत्यु भएको कोहीपनि आफन्त नभई अरुको शरणमा बसेका बालबालिका ।

(ख) आमाबुवा दुबैको मृत्यु भई आफैघरमुलि भएका बालबालिका ।

(ग) आमाबुवा दुबैको मृत्यु भई आफन्तको परिवारका अन्य सदस्यको रेखदेखमा रहेका बालबालिका ।

(घ) आमाबुवा दुबै मानसिक रोगी बेपत्तापुणं अपाङगता भई उनिहरुवाट उचित संरक्षण पाउन नसकेका बालबालिका ।

(ङ) आमा वा बाबु कुनै एकको मृत्यु बेपता दोर्सो विवाह गरी टाढा बसेको बौदिक वा ईन्द्रिय सम्वन्धि दीर्घकालीन अशत भएका बाबुको पहिचान नभएको वा पुण अपाङगता भई एकल अभिभावकसंग बसिरहेका बालबालिका ।

(च) आफ्नो सम्पत्ति भयको स्वाहार सुसार गर्ने परिवारको सदस्य वा संरक्षक नभएको बालबालिका ।

१४ **नगद अनुदानको दर :** लाभग्राहीलाइ नगद अनुदान दिँदा प्रतिमहिना वा बार्षिक कार्यपालिकाले तोकेको रकममा नघटिने गरी दिनुगर्ने छ ।

१५ **सार्वजनिक सूचना गर्नु गर्ने :** (१) प्रत्येक वर्ष अनुसूची : १ बमोजिम ढाँचामा कार्यतालिका सहित सार्वजनिक सूचना गरी लक्षित बालबालिकाको लागि दिईने अनुदानको प्रक्रिय सुरुगर्नु पर्नेछ ।

१६. **आवेदन गर्नु प्रने :** (१) आवेदन आव्हानको लागि सार्वजनिक सूचना प्रकाशित गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक सूचना प्रकाशित गर्दा र आवेदन फारम वितरण गर्दा छबिसपाथिभेरा गाउँपालिकामा कार्य क्षेत्र रहेका संघ संस्था बाल अधिकार समितिबाला समुहको सहयोग लिन सकिनेछ ।

(३) उपदफा (१) बमोजिम सूचना प्रकाशन गरेको पन्ध्र दिनभित्र अनुसूचि : २ बमोजिमको ढाँचामा आवेदन दिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको आवेदनसाथ देहायका कागजात संलग्न गर्नुप्रनेछ ।

(क) बालबालिकाको जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपि ।

(ख) अभिभावक हुनेहरुले अभिभावकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

(ग) बाबु / आमाको मृत्यु भएको अवस्थामा मृत्यु दर्ताको प्रमाण प्रत्रको प्रतिलिपि ।

(घ) अभिभावक पुर्ण अपाङगता भएका अपाङगता काड को प्रतिलिपि ।

(ङ) बाबु आमा बेपता भएको मानसिक रोगि भएको शन्दर्भमा प्रमाण खुल्ने कागजात ।

१७. **लाभग्राहीलाइ दिइने रकमको निर्धारण लाभग्राहीको संख्या निर्धारण छनोटको लागि प्राथमिकता र छनोटको प्रक्रिया :** (१) लाभग्राहीलाइ वितरण गर्ने अनुदान रकम देहायबमोजिम निर्धारण गर्नु गर्नेछ ।

(क) अघिल्लो बर्षको लेखा विवरणमा खुलेको कोषको रकमबाट प्राप्त ब्याज कुनै दाता वा निकाय वाट लक्षित बालबालिका लाई वितरण गर्ने भनी दिइएको रकम जोडेर लाभ ग्राहीलाइ वितरण गर्ने जम्मा अनुदान रकमको तय गर्ने।

(ख) खण्ड (क) अनुसार रकम गणना गर्दा यस अघिको वर्षमा सम्झौता भएका लाभग्राहीलाइ दिनु पर्ने रकम घटाइ वितरण गर्ने रकमको तय गर्ने ।

(ग) कुनै दाताबाट निर्धारित दर्ता बमोजिम निच्चित अवधिको लागि अनुदान दिने गरि रकम प्राप्त भएमा त्यस्ता लाभग्राहीको लागि प्राप्त रकम छुट्टै विशेष अनुदान उपर्शीर्षकमा रकम उल्लेख गर्ने ।

(घ) तर खण्ड (ग) बमोजिम रकम प्राप्त गर्दा दफा १३ बमोजिमको दर मा कम्तिमा एक वर्ष भन्दा कम समयको लागि रकम स्वीकार गर्न पाइने छैन । यस दफामा तोकिय भन्दा कम रकम अक्षेय कोषमा भने जम्मा गर्न सकिने ।

(२) लाभग्राहीको संख्या निर्धारण देहाय .बमोजिम गर्नु गर्नेछ :-

(क) दफा १३ मा तोकियको दरलाइ बाह्र महिनाको गुणन गरेर दफा १६.१ (ख) बाट प्राप्त रकमलाइ भागगरि लाभग्राहीको संख्या निर्धारण गर्नु पर्ने ।

(ख) तर दफा १६.१ को लागि लाभग्राहीको लागि दाताबाट अनुदान रकम प्राप्त भएकालाइ छुट्टै उपर्शीर्षकमा राखी लाभग्राहीको संख्या यकिन गर्ने ।

**(३) लाभग्राहीको छनौटको प्राथमिकता देहाय बमोजिम हुनेछ** :

| से.न | आवेदनको प्रकार | प्राथमिकरण | थप प्राथमिकरण |
|---|---|---|---|
| १ | आमा बाबु दुबै गुमाई आएको शरणमा बालबालिका | पहिलो | एकै प्रकारका आवेदक हरु मध्यवाट छनौट गर्नु परेमा निम्नानुसार बालबालिका लाई प्राथमिकरण गर्नु गर्नेछ :- |
| २ | आमाबाबु दुबै गुमाई आफो घरमुलि भएका बालबालिका | दोस्रो | |

| | | | |
|---|---|---|---|
| ३ | आमा बाबु दुबै गुमाई आफन्तको रेख देखमा रहेका बालबालिका | तेस्रो | (क) हाल बाल श्रमिकको रुपमा काम गरिरहेका बालबालिका । (ख) बिद्यालय बाहिर रहेका बालबालिका (ग) आफ्नो सम्पति नभएका बालबालिका । |
| ४ | आमा बाबु दुबै मानसिक रोगी वेपत्ता पूर्ण अपाङ्गता भइ उचित संरक्षण पाउन नसकेका बालबालिका | चोथो | |
| ५ | आमा बाबु मध्य कुनै एकको मृत्यु वेपत्ता दोस्रो विवाह गरी छुट्टै बसेको मानसिक रोगी बाबुको पहिंचान भएको वा पूर्ण अपाङ्गभई एकल अभिभावक संग बसीरहेका बालबालिका | पाँचौ | |

(४) उपदफा (३) बमोजिमको प्राथमिकरण गरी छनौट भएका बाल बालिकाहरुको नावावलि गाउँपालिकाले सार्वजनिक सूचनाद्धारा जानकारी गराउनु गर्नेछ ।

(५) छनोट सम्वन्धी जानकारी सम्वन्धित बालबालिका उनिहरुका अभिभावक र अध्यान गरिरहेको बिद्यालयलाइ पत्र मार्फत वा अन्य सञ्चार माध्यायम द्वारा ।

१८ **सम्झौता गरिपरिचय पत्र दिनु पर्ने :** (१) दफा १६ बमोजिम छनोट भयका बाल बालिका हरुलाई सहयोग पर्दान गर्नु अघि उनिहरुका बाबु आमा वा अभिभावक वा स्वयम बालबालिका सँग अनुसूचि-३ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ ।

(२) सम्झौताको समयमा छनोट भयका बालबालिका उनिहरुको बाबु आमा वा अभिभावक लाई यसबाट पर्ने असर तथा प्रभाबका बारेमा जानकारी एवम् परामर्श गरिनेछ ।

(३) उपदफा (१) बमोजिम सम्झौता गरिएका आमा बुवा वा अभिभावक स्वयम बालबालिका लाई अनुसूचि -४ बमोजिमको ढाँचामा परिचय पत्र दिनु पर्नेछ ।

## परिच्छेद : ४

## अनुदान रकमको वितरण रोक्का तथा उपयोग

१९. रकम वितरण र उपयोग : (१) अनुदान रकम बार्षिक रुपमा वितरण गर्नु पर्नेछ ।

(२) अनुदान रकम बालबालिकाको अभिभावक लाई दिनु पर्नेछ । यदि अभिभावक नभयको खण्डमा उनिहरुको संरक्षण गर्नेलाई दिनु पर्नेछ । बलबालिका आफै घरमुलि भएको अवस्थामा भने सम्वन्धित बालबालिका लाई नै दिन सकिनेछ ।

(३) उपदफा (१) बमोजिमको रकमको वितरण गर्दा सबै सरोकारवालाहरुलाई समेटेर कुनै समारोह भयको अवसर पारेर अनुदान रकम वितरण गर्न बाधा पर्ने छैन ।

(४) अनुदान रकमको उपयोग लाभान्वित वर्गका अभिभावकले बालबालिकाको हितमा (जस्तै शिक्षा, स्वास्थ्य, खाना, कपडा, आदि ) प्रयोग गर्नु पर्नेछ ।

२०. लागत कट्टा हुने अवस्थाहरु : देहायको अवस्थामा लाभग्राहीको ना गाउँपालिकाको अभिलेखवाट कट्टा गरिनेछ ।

(क) निज बसाइ सरिगएमा ।

(ख) निजले अन्यब्ती वा संघ संस्थावाट यस कार्यक्रमवाट भन्दा बढी सहयोग प्राप्त गरेमा ।

(ग) निजले उच्च माद्धामिक तह पूरा गरेमा वा अठार बर्ष पूराभएमा

(घ) निजको बालविवाह भएमा ।

(ङ) निजको मृत्यु भएमा ।

(च) स्यंम नाबालकले आफूँले पाउने अनुदान रकम नलिने भनि स्वयम घोषणा गरेमा ।

परिच्छेद: ५

**अनुगमन लेखा प्रतिवेदन तथा अभिलेखिकरण**

२१ **अनुगमन तथा पर्तिवेदन** : (१) कार्यक्रमको बार्षिक प्रर्तिवेदन जेष्ठ महिनामा तयार गरी कार्यपालिकाको महिलाबालबालिका हेर्ने समितिमा पेश गर्नु पर्नेछ ।

(२) प्रर्तिवेदनको ढाँचा समितिले तोकिदिय बमोजिम हुनेछ

(३) यस ऐन बमोजिम कार्यान्वयन हुने कार्यक्रमको अनुगमन समितिले गर्नेछ ।

(४) अनाथ तथा टुहुरा बालबालिकाका लागि यस ऐन बमोजिमको कार्यक्रम सञ्चालन भय नभयको अनुगमन गर्न महिला बालबालिका शाखा वा कुनै समितिको सदस्यको संयोजगत्वमा अनुगमन टोली बनाइ प्रतिवेदन तयार गराउन बाधा पर्ने छैन ।

(५) समितिले स्थलगत अध्यान गरि उदेश्य अनुरुप कामभय नभयको हेरी नभयको पाईएमा अनुदान रकम रोक्का गर्न निर्देशन दिन सक्नेछ ।

(६) अनुगमन गर्दा सञ्चालन समितिले गरेका काम कार्वाही समेत हेरी प्रकृया पुरा भय नभयको प्रतिवेदन तयार गरी सञ्चालक समितिलाइ सुधारको लागि निर्देशन दिन सक्नेछ ।

२२ **लेखा सम्वन्धि ब्यवस्था** : (१) अक्षेय कोषको रकम नेपाल राष्टबैंक बाट क ख वा ग श्रेणिको इजाजत प्राप्त मध्य अधिकतम ब्याज दर तथा अन्य सुविधा उपलब्ध गराउने बैकमा मुद्ति खाता खोलि रकम जम्मा गरिनेछ ।

(२) कोषबाट प्राप्त ब्याज तथा कोषमा नजाने तर लाभग्राहीलाई अनुदानको लागि दिईने भनी प्राप्त रकम संकलनका लागि सो ही बैंकमा छुट्टै चल्ति र बचत खाता खोलिनेछ ।

(३) दुबै खाताको खाता सञ्चालन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत लेखा प्रमुख र सम्वन्धित शाखा हेर्ने सदस्य सचिव को संयुत दस्तखत बाट हुनेछ ।

२३ **लाभग्राहीहरुको मुल अभिलेख** : लाभग्राहीहरुको मुल अभिलेख अनुसुचि -५ बमोजिमको ढाँचामा सबैले देख्ने गरी राख्नु पर्नेछ ।

२४ **गुनासो दर्ता गर्न सक्ने** : (१) अनुदानको लागि छनोट भएका बालबालिकाले रकमको वितरण वा अन्य प्रकृया उपर चित्त नबुझियमा निर्णय भयको मितिले पैतिस दिनभित्र कार्यपालिकाको महिला बालबालिका तथा जेष्ठ नागरिक शाखामा गुनासो दर्ता गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै गुनासो प्राप्त भएमा महिलाबालबालिका शाखाले सो उपर आवश्यक जाँच बुझ गरी निणयको लागी समितिको बैठकमा पेस गर्नु पर्दछ ।

२५ **अनुसूचिमा हेरफेर तथा थपघट गर्न सक्ने** : कार्यपालिकाले अनुसूचिमा आवश्यक हेरफेर तथा थपघट गर्न सक्नेछ ।

## अनुसूचि-१

(दफा १४ को उपदफा (१) सँग सम्बन्धित)

### अनुदान बितरण तालिकाको ढाँचा

| चरण | महिना | गर्ने पर्ने कार्य | कैफियत |
|---|---|---|---|
| प्रक्रिया सुरु | असोज | रकम संख्या र अन्तिम नतिजा जानकारी गराउने मिति तय | |
| सूचना प्रकाशन | कार्तिक | सबैवडा कार्यालय तथा बिद्यालय समेत | वडा कार्यालय संग समन्वय गरि वडा स्तरियवाट संकलन गर्ने ब्यवस्था गर्नु पर्ने यसका लागी छबिसपाथिभेरा गाउँपालिकामा गठित बाल संरक्षाण समितिको सहयोग लिन सकिनेछ । |
| नौट | पुष मशान्त | आवेदनको मुल्याकन तथा छनोट | |
| गासो सुनुवाइ | फागुन पहिलो हप्ता | सूचिप्रकाशन गरि ७ दिन सम्ममा कसैको केही गुनासो भय राख्न | |
| | | अनुरोध गर्दै सूचना प्रकाशन | |
| ौता | फागुन महिना भित्र | सम्झोतामा कहिले सम्म कसरि कुन महिनामा दिने आदिखुलाउनु पर्ने | |
| ान्वयन | सम्झौता अवधि सम्म | | |

## अनुसूचि : २

( दफा १५ को उपदफा: (३) संग सम्वन्धित )

### अनाथ तथा टुहुरा बालबालिकाका लागि अनुदान कार्यक्रम आवेदन फारमको ढाँचा

१ बालबालिकाको बिवरण -

नाम थर.............................. लिङ्ग

...................... उमेर

गाउँपालिका ...................... ...................... वडा न

जिल्ला ...................... ...................... प्रदेश

विद्यालय

...................... ...................... ...................... ......................

कक्षा ......................

स्वास्थ्य .......................................... अवस्था

...................... ...................... ......................

जन्म दर्ता भएको / नभएको

२ बुवाको बिवरण

(१) बुवाको नाम थर

...................... ...................... ...................... ..................

(२) बुवा नभएको भए सो को कारण : (क) मृत्यु भएको (ख) वेपत्ता (ग) अर्को विवाह गरिगएको (घ) अन्य ......................

(३) बुवाको शारिरिक वा मानसिक अवस्था (क) मानसिक रोगी (ख) पुर्ण अपाङ्गता ।

(ग) अन्य अवस्था

३ आमाको विवरण

(१) आमाको नाम थर

(२) आमा नभएको भए सो को कारण: (क) मृत्यु भएको (ख) बेपता (ग) अर्को विवाह गरिगएको (घ) अन्य

(३) आमाको सारिरिक वा मानसिक अवस्थाः क) मानसिक रोगि (ख) पुर्ण अपाग (ग) अन्य अवस्था .....................

४ आमा वा बुवा वा अभिभावक अपाग भएमा अपागताको परिचय पत्र भएको नभएको ।

अपाङ्गताको प्रकार क ख ग घ

५ अभिभावक/ संरक्षणको विवरण

अभिभावक/ संरक्षणको नाम थर

.....पूरा ठेगाना ..........................................प्रमाण पत्र

..........................................................

## ६ परिवारको विवरण :

| क्र सं | परिवारको संदस्यको नाम | नाता | उमेर | पेसा |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूचि: ३

( दफा १७ को उपदफा (१) सँग सम्वन्धित )

## गाउँपालिका र सम्वन्धित अभिभावक वा बालबालिका बीच हुने सम्झौताको ढाँचा

गाउँपालिकाका सामाजिक अनुदान सुरक्षा प्राप्त गर्ने बालबालिकाको

अभिभावक वा बालबालिका स्वयंम श्री ..................... पहिलो पक्ष र

कोष व्यवस्थापन समिति दोस्रो पक्ष बीचमा श्री .....................

को हिंतार्थ उपयोग गर्ने गरी मासिक रु ..................... का दरले

.......................

सम्म तपशित तथा अनाथ तथा टुहुरा बालबालिकाका लागि सामाजिक अनुदान कार्यक्रम सञ्चालन कार्यबिधि २०८१ मा उल्लेखित शर्त बन्देज पालनामा गरेसम्म अनुदान रकम उपलब्द गराउने सम्वन्धमा सम्झौता गर्न दुबै पक्ष सहमत भई यस सम्झौतामा हस्ताक्षर गरी एक एक प्रति लियौं दियौं ।

**तपशिल**

(क) **सम्वन्धित अभिभावकले पालना गर्नु पर्ने सर्त :**

१ बालबालिका लाई निरन्तर बिद्यालय पठाउने ।

२ प्राप्त सहयोगको रकम बालबालिकाको हितको लागि खर्च गर्ने ।

३ बिरामि भएर वा अन्य कारणवाट बालबालिका विद्यालय जान नसकेमा सम्वन्धित विद्यालय र गाउँपालिका मा लिखित जानकारी दिने ।

४ अनाथ तथा टुहुरा बालबालिकालाइ जोखिम पूर्ण काममा नलगाउने

५ अनुगमन समितिलाइ सहयोग गर्ने र दिएका सुझाप कार्यान्ययन गर्ने

६ बालबालिकाको स्थितमा कुनै परिवर्तन आए त्यसको जानकारी समितिलाइ दिने ।

७ छोरा र छोरीमा भेदभाव नगर्ने ।

**(ख) सम्वन्धित समितिले पालना गर्नु पर्ने कुराहरु :**

१ यस सम्झौतामा उल्लेखित रकम सम्झौता अवधि भरी वा सर्तको पालना भय सम्म बार्षिक उपलब्ध गराउने ।

२ यस कार्यबिधि भित्र रही समितिले दिइएको सुझाप कार्यान्वयन गर्ने ।

३ अनुगमनको क्रममा निर्देशिका अनुसार प्रदान गरि आएको सहयोग रकम रोक्का वा स्थलगत गर्नुपर्ने कुनै पनि आधार भेटिएमा सुनुवाईको उचित मौका दिइ लिखित रुपमा सम्वन्धित अभिभावक र बिद्यालयलाइ सूचना दिने ।

४ सम्वन्धित अभिभावक र बालबालिकासँग निरन्तर सम्पर्कमा रहिरहनुपर्ने ।

**अभिभावक/ बालबालिका स्वयंको**

तर्फबाट : | सञ्चालक समितिको तर्फबाट

नाम | नाम

थर | थर

बालबालिकाको नाम

ठेगाना | दस्तखत

बिद्यालयको नाम कक्षा | पद

औँठा छाप | संस्थाको छाप इति

सम्वत .............. साल .................... महिना........................................ गते

......................रोज शुभम

अनुसूचि -४

( दफा १७ को उपदफा (३) सँग सम्वन्धित )

**अनाथ तथा टुहुरा बलबालिकाका लागि दिईनेसामाजिक अनुदान सुरक्षा कार्यक्रम परिचय पत्रको ढाँचा**

............................................ गाउँपालिकाको कार्यालय

................ जिल्ला ................................ प्रदेश

परिचय पत्र नम्बर ................................

नाम थर .............. ..................लिङ्ग................ उमेर...............

ठेगाना ................ गाउँपालिका ................................वडा न

जिल्ला............................ प्रदेश......................................

विद्यालय ..................................................

अध्यान गरिरहेको कक्षा............................................

अभिभावकको नाम थर.........................................ना प्र प नम्मर

अभिभावकको ठेगानाः गाउँपालिका .............................. वडा नः

जिल्ला................................ प्रदेश..............................

बैंकमा खाताखोलेको भए

बैंकको नाम र खाताको किसीम-

बैंकखाताको नम्बरः

## रकम पाएको बिवरणः

| बुझीलिनेको | बुझाउनेको |
|---|---|
| नाम थर | नाम थर |
| ... | |
| दस्तखत..... ................................. | दस्तखत.................................... |
| मिति.................................... | मिति................................... |
| कुल रकम.................................... ................... | पद.................................. ................. |

## अनुसूचि-५

( दफा २२ सँग सम्वन्धित )

**<u>अनाथ तथा टुहुरा बालबालिकाका लागि अनुदान सामाजिक सुरक्षा कार्यक्रम लाभग्राहीकको अभिलेख</u>**

.................................. गाउँपालिकाको कार्यालय

..................................जिल्ला..................................प्रदेश

| लाभग्राही नम्बर | लाभग्राहीको नाम थर र ठेगाना | अध्ययन गर्ने भए विद्यालय | | अभिभावक/ संरक्षणको नाम थर र ठेगाना | अभिभावक /संरक्षणको नागरिकता नम्बर | सम्पर्क न |
|---|---|---|---|---|---|---|
| | | नाम | कक्षा | | | |
| | | | | | | |
| | | | | | | |